# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं : १५२-शि

मिति: २०७७।०९।०३

श्री वडा कार्यालय (सबै)
टोखा नगरपालिका ।

विषयः छात्रवृत्ति सम्बन्धमा

प्रस्तुत विषयमा टोखा नगरपालिकाको शिक्षा ऐन २०७५ को दफा ५९ को व्यवस्थाअनुसार मिति २०७७।०५।२९ को नगर शिक्षा समितिको सिफारिस तथा मिति २०७७।०६।१८ को बैठकबाट यस क्षेत्रभित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७७ मा पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्मका बालबालिकाहरुलाई उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धमा पारदर्शी रुपमा वितरण गरी एकरूपता कायम गर्दै नियमन गर्न विगतमा झै निम्न प्रक्रिया अवलम्बन गर्ने निर्णय भएकोले सोही अनुसार कार्य प्रक्रिया अघि बढाउनु हुन अनुरोध गरिन्छ ।

१. तपसिलमा प्रक्रिया र आधारमा मिति २०७७।०९।१७ गतेसम्म वडा तथा विद्यालयमा निवेदन संकलन गर्ने र मिति २०७७ पौषभित्र छात्रवृत्ति सिफारिस तथा छनोट गर्ने कार्य गर्नु गराउने ।
   - क. विद्यार्थीले पठनपाठन गर्न चाहेको विद्यालय र विद्यार्थीको अभिभावकको स्थायी बसोबास रहेको स्थानीय तह एउटै भए त्यसै तह वा वडाको सिफारिस र अलग भएमा स्थायी बसोबास रहेको स्थानीय तहबाट सिफारिस लिई विद्यालय रहेको सम्बन्धित वडामा निवेदन संकलन गरी सोही वडाबाट नै छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने ।
   - ख. बडा अध्यक्षको संयोजकत्वमा त्यस वडामा रहेका सबै संस्थागत विद्यालयको प्रिन्सिपलहरु सदस्य रहेको एक छात्रवृत्ति संयोजन समिति गठन गर्ने र त्यस समितिले कुनै विद्यालयमा के कति संख्या र के कस्ता अवस्थामा रहेका बालबालिकालाई छात्रवृत्तिका लागि छनोट गर्ने हो सोको अभिलेख राख्ने र त्यसको जानकारी यस शाखामा उपलब्ध गराउने ।
   - ग. छात्रवृत्ति संयोजन समितिले अन्य आवश्यक कार्यविधि निर्माण गर्न सक्ने ।
   - घ. त्यस वडा कार्यालयबाट पहिलो संयोजन बैठकमा कुनकुन विद्यालयमा कति कति सख्याका विद्यार्थीलाई छात्रवृत्ति दिने हो सोको प्रकृया र आधार तय गरी विद्यार्थी वा अभिभावकलाई निवेदन दिन लगाउने र दोस्रो बैठकमा बैठक राखी वडाका सबै विद्यालयबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी माग गरी राख्ने र वडाको एकमुष्ठ विवरण तयार गरी शिक्षा शाखामा पठाउने ।

२. हरेक विद्यालयमा निम्नानुसारको विद्यालय स्तरीय छात्रवृत्ति वितरण समितिको गठन गरी छात्रवृत्ति वितरणको निर्णय गर्ने ।

   विद्यालय स्तरीय छात्रवृत्ति वितरण समिति

   क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष .......... संयोजक
   ख) विद्यालयमा रहेको शिक्षक अभिभावक सङ्घको अध्यक्ष वा निजले तोकेको एकजना प्रतिनिधि-सदस्य
   ग) सम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य ........................सदस्य
   घ) प्रमुख शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि.................................... सदस्य
   ङ) विद्यालयको प्रधानाध्यापक............................................................... सदस्य - सचिव

३. छात्रवृत्ति वितरणका लागि निम्न आधार तय गर्ने

छात्रवृत्ति पाउने विद्यार्थीको संख्या १० जना वा सो भन्दा बढी भएमा निम्न प्राथमिकताका आधारमा निम्न वर्ग तोकी छनोट गर्ने

# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :

क. नगर शिक्षा समितिबाट सिफारिस भएका मध्ये १० प्रतिशत

ख. जेहन्दार ४० प्रतिशत,

ग. विपन्न २५ प्रतिशत,

घ. दलित ५ प्रतिशत,

ङ. पिछडिएका क्षेत्र वा दुर्गम भेगका बालबालिका ३%

च. अल्पसङ्ख्यक जाति वा अपाङ्गता भएका बालबालिका ३%,

छ. जनजाति र आदिवासी जनजाति ११ प्रतिशत,

ज. सहिद परिवार वा जनआन्दोलनका घाइते वा बेपत्ता परिवारको सन्तति वा मधेश आन्दोलनका घाइते वा वेपत्ता परिवारको सन्तति ३%

४. उपलब्ध गराइएका विद्यार्थी तथा अभिभावकको नामथर, कक्षा तथा वर्ग विद्यालय सूचनापाटी वा विद्यालयको website मा प्रकाशन गर्ने र त्यसको एक प्रति शिक्षा युवा तथा खेलकुद शाखा पठाउने

५. पेश गर्नुपर्ने कागजात

- स्थाइ ठेगाना खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- विद्यालयका विद्यार्थी भर्ना भएको प्रमाण
- कक्षा १ का लागि विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र तथा अभिभावकको नागरिकता प्रमाणपत्र
- वेपत्ता परिवार वा जनआन्दोलन वा मधेश आन्दोलनका घाइते वा सहिद परिवारका विद्यार्थीका लागि गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि
- विपन्न वा गरिब परिवारको हकमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहले दिएको सिफारिसको सक्कल प्रति

बाबुराम गौतम
शाखा प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा